# लैङ्गिक समानता,अपागता तथा सामाजिक समावेशीकरण (जैडसी) नीति, २०८२

*पारित मिति:- २०८२।१२।२५*

नगराईन नगरपालिका

धनुषा

CamScanner

लैगिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति २०८२ नगराइन नगरपालिकाको नगरकार्यपालिका बाट मिति २०८२।१२।२५ गते स्वीकृत भएको, यो नीति स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको छ।

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| CMC - | Community Mental Health Center |
| DBA- | District Bar Association |
| GESI- | Gender Equality and Social Inclusion |
| ILO- | International Labour Organization |
| ICPD- | Internation Conference on Pupulation and Development |
| NJA- | National Judicial Academy |
| NHRC- | National Human Rights Commission |
| NWC- | National Women Commission |
| OCMC - | One Stop Crisis Management Center (एकद्वार संकट व्यवस्थापन केन्द्र) |
| SBA,- | Skilled Birth Attendants |
| SAS - | Safe Abortion Service |
| UNFPA- | United Nations Fund for Population |
| UNICEF- | United Nations Children's Fund |

जेडसी - लैङ्गिक समानता,अंपगता तथा सामाजिक समावेशीकरण (Gender equality, disability and social inclusion)

लैसाअसस - लैङ्गिक समानता,अंपगता तथा सामाजिक समावेशीकरण

# विषयसूची

## परिच्छेद–१
### पृष्ठभूमि


| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | कानूनी व्यवस्था | १ |
| | ○ मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु | |
| | ○ मानव अधिकारका सिद्धान्तहरु | ३ |
| | ○ राष्ट्रिय कानूनी व्यवस्थाहरु | ४ |
| | ○ लैसअसासमा मधेश प्रदेशको अवस्था र प्रयास | ५ |
| | ○ स्थानीय सरकार सञ्चालन ऐन २०७४ | ७ |
| १.३ | जेडसी सम्बन्धी समस्या, रिक्तता तथा अवसरहरु | ७ |
| १.४ | नगराईन नगरपालिकामा कार्यरत सरोकारवाला संस्थाहरुका नक्साङ्कन | १० |
| १.५ | जोखिम तथा न्यूनीकरण | ११ |
| १.६ | जेडसी नीतिको आवश्यकता तथा औचित्यता | १२ |
| १.७ | आधारभूत सिद्धान्तहरु | १३ |


## परिच्छेद - २
### नगराईन नगरपालिकाको लैङ्गिक समानता,अपांगता तथा सामाजिक समावेशीकरण नीति


| | | |
|---|---|---|
| २.१. | नगराईन नगरपालिकाको लैङ्गिक समानता अपांगता तथा सामाजिक समावेशीकरण नीति, | १५ |
| २.२. | लैसअसास नीतिको दीर्घकालीन सोच | १५ |
| २.३ | दीर्घकालीन लक्ष्य | १५ |
| २.४ | उद्देश्यहरु | १५ |
| २.५ | सिद्धान्त | १६ |
| २.६ | परिभाषा | १८ |


## परिच्छेद- ३
### लैसअसास नीति तथा रणनीतिहरु


| | | |
|---|---|---|
| ३.१ | प्रमुख नीतिहरु | १९ |
| ३.२ | लैसाअसस मूलप्रवाहीकरणको रणनीतिहरु | |


## परिच्छेद–४
### नीति तथा कार्ययोजना कार्यान्वयन संयन्त्रहरु


| | | |
|---|---|---|
| ४.१ | संस्थागत संरचना | २२ |
| ४.२ | नगरपालिकास्तरीय लैसअसास अनुगमन तथा मूल्याङ्कन समिति | २२ |
| ४.३ | वडास्तरीय अनुगमन तथा मूल्याङ्कन उपसमिति | २३ |
| ४.४ | पालिकस्तरिय अनुगमन तथा मूल्यांकन समितिका भूमिका | २४ |
| ४.५ | वडास्तरिय अनुगमन तथा मूल्याङ्कन उपसमितिको जिम्मेवारी | २५ |


CamScanner

४.५ पालिकास्तरीय लैसअसास शाखा तथा उपशाखाको स्थापना
४६ पालिकास्तरीय लैसअसास शाखाको काम कर्तव्य र अधिकार २५
४.७ वडास्तरीय लैसअसास उपशाखाको काम कर्तव्य र अधिकार २६
४.८ वैठक, कार्यविधि र सेवा सुविधा २६
४.९ समन्वय तथा सहकार्य २६

## परिच्छेद–५

## लैसअसास नीतिको कार्यान्वयन

५.१ लैसअसास नीतिको कार्यान्वयन २७
५.२ आर्थिक स्रोत २७
५.३ मानवीय स्रोत २७
५.४ नीतिको पुनरावलोकन तथा सुधार २७
५.५ नीतिको खारेजी तथा बचाउ २७

## परिच्छेद–१
## पृष्ठभूमि

### १.१ परिचय :

नगराइन नगरपालिकाको स्थापना वि.सं.२०७३ सालमा तत्कालिन नगराईन, फुलगामा, घोडघास, लग्मा गाडागुठी र देवडिहाका गा वि स स विभिन्न वडाहरु समावेश गरि निर्माण भएको छ । कुल क्षेत्रफल ३९ वर्ग कि.मि. मा फैलिएको यस नगरपालिकामा जम्मा ९ वटा वडाहरु छन् । नगरपालिकाको रेकर्डअनुसार ३८,०३७ जनसंख्या रहेको छ, जसमा महिला १९,४३६ र पुरुष १८,६०१ रहेको छ । यस नगरपालिकाको पूर्वमा धनौजी गा.पा. र भारत, पश्चिममा महोत्तरी जिल्ला,उत्तरमा जनकपुर उ.म.पा. र धनौजी गा.पा. र दक्षिणमा मुखियापट्टी मुसहरनिया गा.पा. र भारत छन् । कुल जनसंख्यामध्ये यादव, धनुक, तेली, ब्राहमण, मुस्लिम, सदा, मुसहर, महरा, चमार, पासवान लगायत अन्य थुप्रै जातजातिको बस्ती रहेको छ भने यहाँ अधिकतम नेपालीहरु मैथिली भाषीहरु छन् । त्यस्तै कुल जनसंख्यामध्ये ८४७ जना व्यक्तिहरु अर्थात २.२३ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको छ ।

लक्षित वर्ग, विपन्न, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका र सिमान्तकृत समुदायको सशक्तिकरणका लागि सिपमूलक तथा आयआर्जनमूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । सामाजिक विभेदको न्यूनीकरण, घरेलु हिंसा अन्त्यका लागि चेतनामूलक अभियान, बालश्रम, बाल विवाह, बहुविवाह, दाइजोको चलन तथा बोक्सीको आरोप लगाउने विरुद्धमा सामाजिक अभियानहरु यस नगरपालिकाबाट सञ्चालन गर्दै आएका छन् । त्यसैगरी महिलाहरुको आर्थिक अवस्था सुधारका कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । तर लैससास सम्बन्धमा अझ पनि नगराईन नगरपालिकाले सम्बोधन गर्नुपर्ने धेरै सवाल र समस्याहरु भएको कुरा यो नीति तथा कार्ययोजना तयारी क्रममा भएको छलफलबाट स्पष्ट छ ।

समस्याहरु मध्ये प्रमुख रुपमा महिला, दलित तथा विपन्न वर्गप्रति अझ पनि विभिन्न स्वरुपमा भेदभाव तथा हिंसा कायम रहेको, बाल विवाह, दहेज, घरेलु हिंसा, वैदेशिक रोजगारीका कारण बालबालिका तथा पारिवारिक विचलन , बोक्सीको आरोप, प्रजनन स्वास्थ्य समस्या र विभिन्न प्रकारका सामाजिक कु-प्रचलनहरु कायम रहेको कुरा पालिका प्रतिनिधि तथा सरोकारवालाहरुसँग गरिएको छलफलबाट स्पष्ट छ । साथै महिलाहरु आर्थिक तथा शैक्षिक क्षेत्रमा सशक्त नभएको, दुर्व्यसनमा लाग्ने किशोरहरुको संख्या वृद्धि भएको, बालबालिका तथा किशोरीहरु बिचैमा विद्यालयमा छाड्ने क्रम वृद्धि भएको, मानसिक रोगीको संख्या वृद्धि भएको, किशोरी तथा महिलाहरु विरुद्ध विद्युतिय तथा साइबर अपराध वृद्धि भएका छन् । साथै निर्वाचित प्रतिनिधि तथा महिला प्रतिनिधिहरु अर्थपूर्ण नेतृत्व क्षमता प्रभाकारी नहुनु पनि समस्याको रुपमा रहेका छन् ।

लैङ्गिक समानता तथा सामाजिक समवेशीकरणका सिद्धान्त र यसको अन्तर विषयवस्तुहरुमा व्यापक छलफल हुनुपर्ने, महिला तथा वपिन्न वर्गको आर्थिक विकासका विभिन्न आर्थिक अभियानहरु सञ्चालन गर्नु पर्ने र लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशिताको सिद्धान्तलाई नीतिगत तथा व्यवहारिक रुपमा आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्न बाँकी भएको कुरा जनप्रतिनिधि, कर्मचारी तथा अन्य प्रतिवेदनहरु अध्ययन गर्दा स्पष्ट भएको छ ।



CamScanner

## १.२ कानूनी व्यवस्था :

### मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु

अभिवेद र समानता अन्तर्राष्ट्रिय मानव अधिकारका आधारभूत सिद्धान्त हुन् भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकार र सामाजिक न्यायका आधारभूत शर्त हुन् । नेपाल मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र भई मानव अधिकारको संरक्षण, लैङ्गिक समानता, समावेशिता, लैङ्गिक हिंसा निवारण र बाल विवाह उन्मूलनको सम्बन्धमा पक्षराष्ट्रको हैसियतले प्रतिवद्धताहरू व्यक्त गरेको छ । लैङ्गिक असमानतालाई नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने र राज्यको कानूनी दायित्वको रुपमा मूलप्रवाहीकरण गर्नुपर्ने आवश्यकतालाई महसुस गरी मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुले लैङ्गिक समानता तथा समावेशीकरणलाई मानव अधिकारको पूर्वसर्तको रुपमा प्रत्याभूत गरेको पाइन्छ । मानव अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय रुपमा पारित विभिन्न दस्तावेज स्वभावले नै सबैलाई बराबर रुपमा लागु हुने व्यवस्था हुन् । तर पनि अधिकारको प्रयोग, उपभोग एवं दावीको क्रममा लामो समयदेखि वञ्चितीकरणमा रहेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम तथा विभिन्न कारणले पछाडि पारेका नागरिकहरुले उपभोग गर्नसकेका छैनन् । मानव अधिकारसँग सम्बन्धित अधिकांश दस्तावेजहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लैङ्गिक समानता तथा समावेशीकरणका अधिकारसँग अन्योन्याश्रित सम्बन्ध भए तापनि विशेष गरी मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९; वाल अधिकारसम्बन्धी महसन्धि, १९८९; द्वन्द्वबाट महिला र वालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४; महिला विरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र, १९९१; अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६, सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट महिला, शान्ति र सुरक्षाका सम्वन्धमा पारित प्रस्ताव नं १३२५ संयुक्त राष्ट्रसंघ महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं १८२०, प्रस्ताव नं १८८८, अन्तर्राष्ट्रिय जनसंख्या तथा विकास सम्मेलन कार्ययोजना, १९९४ का साथै अन्तर्राष्ट्रिय श्रम संगठनले जारी गरेका हिंसा र दुर्व्यवहारसम्बन्धी महासन्धि १९२० (नं १९०), रोजगारमा महिला र पुरुषको समान अवसर र उपचारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको प्रस्ताव, १९८५, आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ (नं १६९) र निष्कृट प्रकारको बालश्रम विरुद्ध महसन्धि, १९९९ (नं १८२) प्रमुख हुन् । साथै महिलाको प्रजनन स्वास्थ्य अधिकारको संरक्षणको सम्बन्धमा सन् १९९४ मा कायरोमा भएको जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) र यसको कार्यान्वयनलाई विशेष रुपमा लिन सकिन्छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।[१]

. **चौथौं अन्तर्राष्ट्रिय महिला सम्मेलन १२ वटा सवालहरु :** सन् १९९५ मा चौथौं अन्तर्राष्ट्रिय महिला सम्मेलन जसलाई वेइजिङ सम्मेलन पनि भनिन्छ । यस सम्मेलनले महिला अधिकारलाई मानव अधिकारका रुपमा मान्यता दिँदै लैङ्गिक समानताको प्रवर्धनमा १२ वटा मुख्य सवालसहित पास पारित गरेको बेइजिङ

[१] नेपालको संविधान, २०७२ को धारा ५१ (ख) (२) ।

घोषणापत्र र कार्ययोजनाले लैङ्गिक समानता, महिला सशक्तिकरण, महिलाको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दै प्रजनन स्वास्थ्य र अधिकारमा प्राथमिकता महिला र गरिबी, महिला शिक्षा र तालिम, महिलाविरुद्धको हिंसा, महिला र सशक्त सङ्घर्ष, महिला र अर्थतन्त्र, शक्ति र निर्णयमा महिलाको नेतृत्व, महिला र सञ्चार, महिला र वातावरण जस्ता सवाललाई समानता समावेशिता दिशामा मार्गनिर्देशन गरेको छ। बेइजिङ घोषणापत्रको ३० वर्ष पूरा भई सन् २०२५ मा कार्ययोजनाको पुनरावलोकनले विश्वभर महिला अधिकारका क्षेत्रमा भएका प्रगति र चुनौतीहरुको मूल्याङ्कन भएको छ। यसरी प्रत्येक पाँच वर्षमा गर्ने पुनरावलोकनले स्थानीय सरकारले विकासको मुलधारमा सो सवालहरुलाई स्थानीयकरण गर्ने कस्तो भूमिका निर्वाह गरेको छ भन्ने विषय पनि महत्वपूर्ण हुन्छ

**जाकार्टा सिद्धान्त :** यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार सम्वन्धमा सन् २००६ मा घोषणा गरेको जाकार्टा सिद्धान्तलाई प्रमुख रुपमा लिन सकिन्छ। त्यो पछि लैङ्गिक समानता भनेको महिला र पुरुषमा मात्र सीमित रहनु हुन्न भन्ने पक्षलाई संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदबाट विभिन्न समयमा पास गरेका प्रस्तावनाहरुले यौनिकताको आधारमा यी समुदायहरुमाथि भैरहेको हिंसा, भेदभाव, लाञ्छना तथा वञ्चितीकरणलाई निषेध गर्नुपर्ने कुरा पास गरेको छ। फलस्वरुप नेपालले पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकको आधारमा भेदभाव गर्न नहुने कुरा मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ।

**दिगो विकास लक्ष्य :** संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका नागरिकहरु, बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, पछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ। लैङ्गिक समानतालाई व्यावहारिक रुपमा कायम राख्ने क्रममा दिगो विकास लक्ष्य नं ४ र ५ लाई यस सवालसँग प्रत्यक्ष रुपमा जोडिएर हेर्न सकिन्छ। लक्ष्य ४ मा उल्लिखित समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र लक्ष्य नं. ५ मा लैङ्गिक समानता कायम गर्ने सम्बन्धी लक्ष्यहरु वढि सान्दर्भिक देखिन्छ। दिगो विकास लक्ष्यले केवल वञ्चितीकरणमा परेकाहरूको समावेशी गर्न मात्र नभई समावेशी संस्थाहरू तथा प्रणालीहरूको विकास र तिनको निरन्तरतालाई पनि उत्तिकै जोड दिएको छ। संयुक्त राष्ट्रसंघीय संकल्प ७०/१ 'हाम्रो विश्वको रूपान्तरण: दिगो विकासका लागि सन् २०३० को एजेण्डा' मा अति विपन्नता लगायत सबै खालका गरिबीको उन्मुलन र 'कोही पनि पछाडि नछुटून् (Leave No One Behind) भन्ने सिद्धान्तसहित विश्व समुदायमा समानता र समावेशिताद्वारा दिगो विकासलाई प्राथमिकता दिएको छ। चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोहि पनि पछाडि नछुट्ने, भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ। यसलाई स्थानीयकरण गर्ने र आफ्ना योजना तथा बजेटले सम्बोधन गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ। साथै उक्त महासन्धि तथा कार्ययोजना र सवालहरु विभिन्न समितिहरूले समय समयमा नेपालको लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्नु पनि सरकारको दायित्व हो।

**मानव अधिकारका सिद्धान्तहरु:** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकारको महत्वपूर्ण पक्ष हो। कुनै पनि व्यक्तिलाई जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, उत्पति, क्षेत्र, आस्था, शारीरिक अवस्था, आर्थिक अवस्था, स्वास्थ्य स्थिति, वैवाहित अवस्था आदिका आधारमा भेदभाव गर्न नहुने र राज्यले सबैलाई समान व्यवहार गर्नुपर्ने ने मानव अधिकारको प्रमुख पक्ष हो। लैङ्गिक समानता तथा समावेशीकरण

समाजमा लैङ्गिक तथा सामाजिक अवस्थामा भएका व्याप्त भेदभाव तथा हिंसालाई सम्बोधन गर्नका लागि मानव अधिकारको कार्यान्वयनको क्रममा आएको सैद्धान्तिक तथा व्यावहारिक रुपमा स्वीकरोक्ति विषय हो । माथि उल्लिखित मानव अधिकारसम्बन्धी हरेक दस्तावेजहरुले हरेक व्यक्तिको मानव अधिकारको सम्मान गर्नुपर्ने कुरा विवादरहित रुपमा स्वीकारेका छन् । मानव अधिकारको **सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व राज्यसँग रहन्छ,** मानव अधिकार कुनै पनि आधारमा भेदभाव नहुने भएको हुनाले यो **सार्वभौम, अविभाज्य, अविच्छेद, विश्वव्यापकता, अहरणीय, अन्तरनिर्भर, समान र अविभेद एवं विवाद**रहित हुन्छ । त्यसैले मानव अधिकारको उपभोगमा लैङ्गिक तथा सामाजिक कारणले भेदभाव गर्न नहुने कुरा नै मानव अधिकारको प्रमुख सैद्धान्तिक पक्ष हो ।

## १.३ राष्ट्रिय कानूनी व्यवस्थाहरु

**नेपालको संविधान, २०७२:** लैससास न्यायिक समाज स्थापनाको लागि अपरिहार्य विषय हो भने नेपालको संविधानको आधारभूत शर्त तथा मान्यता हो । वि.सं. २०७२ सालमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधानको प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको पाइन्छ । संविधानले समानतालाई सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख आधारको रुपमा लिएको छ । समानता तथा समतामूलक समाज निर्माणको लागि जातजाति, भाषा, धर्म, लैङ्गिक, वर्गीय, क्षेत्रीय तथा सामाजिक, आर्थिक, राजनीतिकलगायत कुनै पनि आधारमा भेदभाव गर्न नहुने र समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा देशको विकास गर्नुपर्ने कुरालाई स्वीकारेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाकोहक, धारा ३९ ले बालवालिकाको हक, धारा ४० ले दलितको हक, धारा ४१ ले जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) ले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको व्यवस्था गर्नुका साथै धारा ५२ ले मौलिक हक कार्यान्वयनका लागि राज्यले गर्नुपर्ने दायित्वको समेत व्यवस्था गरेको छ । संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रभावकारी कार्यान्वयनका लागि राज्यका तीनै तहका सरकार संघीय, प्रदेश तथा स्थानीय सरकारहरुले लैङ्गिक समानता तथा समावेशी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ । संविधानको धारा २२६ ले गाउँसभा र नगरसभाले संविधानको अनुसूची ८ र ९ बमोजिमको सूचीअनुसार आवश्यक कानून वनाउन सक्ने स्पष्ट व्यवस्था गरेको छ ।

**अन्य कानूनी व्यवस्थाहरु :** लैङ्गिक समानता र समावेशीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई आन्तरिकिकरण गर्ने क्रममा नेपाल सरकारले संविधान बाहेक धेरै कानूनहरुमा समावेश गरेको छ भने व्यावहारिक रुपमा यसकालाई कार्यान्वयन गर्ने कोसिस गरेको छ । जस्तै महिलामाथि हुने महिला विरुद्ध हुने विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसालाई न्यूनीकरण गर्न मुलुकी अपराध संहिता २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; फौजदारी (कसुर तथा सजाय निर्धारण गर्ने) ऐन, २०७४; मुलुकी देवानी सहिंता, २०७४ लागु गरिएको छ भने यसैगरी अपराध पीडित संरक्षण ऐन २०७५, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६७, बालबालिकासम्बन्धी ऐन २०७५, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लागू भएका छन् बोक्सी आरोप विरुद्धको (कसुर र सजाय) ऐन, २०७२; सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र आदिलाई प्रमुख कानूनी व्यवस्थाको रुपमा लिन सकिन्छ ।

त्यसैगरी लैङ्गिक समानता तथा समावेशीकरणलाई वहुपक्षीय दृष्टिकोणले अध्ययन गर्दा अपाङ्गतासम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना, युवाको हकहितको संरक्षण र संवर्धन गरी समुन्नत मुलुक निर्माणका

लागि राष्ट्रिय यूवा परिषद ऐन २०७२, २०३० सम्म बाल विवाह उन्मूलन गर्ने लक्ष्यसहितको बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, बिपद जोखिम न्यूनिकरण राष्ट्रिय कार्य योजना २०१८-२०३० लाई पनि प्रमुख रुपमा लिन सकिन्छ भने सार्वजनिक क्षेत्रमा महिला तथा लक्षित समुदायको सहभागिताको लागि गरिएको निजामति सेवा ऐन देखि विभिन्न सेवा ऐनहरुलाई पनि लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धमा सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ ।

यसका अतिरिक्त मानव बेचबिखन विशेष गरी बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, विशेष प्रकृतिको मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४, श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५, वैदेशिक रोजगारसंग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाहीसम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मनोसामाजिक परामर्श निर्देशिका, २०६९ र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९, तथा बालमैत्री स्थानीय शासास कार्यान्वयन निर्देशिका, २०७८, आदि प्रमुख प्रयासको रुपमा लिन सकिन्छ ।

त्यसैगरी लैङ्गिक समानता र समावेशीकरण नीतिलाई कार्यान्वयन गर्न लैङ्गिक उत्तरदायी बजेट, कानूनी रुपमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, दलित आयोग, मधेशी आयोग, मुश्लिम आयोगले व्यवस्था गरेको छ ।

**राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७:** राज्यका तीन वटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक वजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री वनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको आवश्यकतालाई महसुस गरी नेपाल सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरेको छ। यस नीतिले सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने दीर्घकालीन सोच रहेको छ । लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीति लिएको छ । राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को उद्देश्य प्राप्त गर्न संघ, प्रदेश तथा स्थानीय तहको भूमिका स्पष्ट गरी नीतिको प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना तयार गरेको छ ।

**लैससासमा मधेश प्रदेशको अवस्था र प्रयास :** राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६,११४,६०० रहेको छ जसमा पुरुषको जनसंख्या ३,४३,३५० र महिलाको जनसंख्या २,९७,७७२ (५० प्रतिशत) रहेको छ भने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको कुल संख्या ९१६४७ रहेकोमा ५६.८ प्रतिशत पुरुष र ४३.२ प्रतिशत महिला रहको उल्लेख गरेको छ । यस प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत रहेको छ । जसमध्ये महिलाको साक्षरता दर ५४.७ प्रतिशत मात्र रहेका छन् । ५३ प्रतिशत महिलाहरु २० बर्षको उमेर पुग्दा विवाहित भैसकेका हुन्छन् । सन् २०२१ मा प्रकाशित नेपाल मानव

विकास प्रतिवेदन हाल ०.४१ स्तरमा छ जुन नेपालको राष्ट्रिय औसत ०.४९० भन्दा निकै कमजोर अवस्था छ र लैङ्गिक समानता सूचांकअनुसार नेपालका अन्य प्रदेशहरूका तुलनामा मुख्यत शिक्षा, स्वास्थ्य, र आयस्रोतका क्षेत्रमा पछाडि परेको देखिन्छ भने लैङ्गिक असमानताका हिसाबले मधेश प्रदेशले तुलनात्मक रूपमा धेरै चुनौती सामना गरिरहेको देखिन्छ । यसमा महिला सशक्तिकरण, शिक्षा, र स्वास्थ्य सेवा पहुँचको अभाव मुख्य कारण हुन् । विद्यालय बाहिर रहेका र विद्यालय छाड्ने बालबालिकाको संख्या उच्च हुनु पनि यस प्रदेशको प्रमुख चुनौती रहेको छ । त्यसैगरी लैङ्गिक समानताका दृष्टिले पनि मधेश प्रदेशको स्थिति चुनौतीपूर्ण छ । साक्षरता दर, विद्यालय शिक्षामा पहुँच र महिलाहरूको रोजगारमा सहभागिता जस्ता सूचकहरू राष्ट्रिय औसतभन्दा तल छन् । मधेश प्रदेशमा अहिले पनी मातृ मृत्युदर प्रति एक लाखमा १४० रहेको छ । ४० प्रतिशतले किशोरावस्थामा गर्भधारण गर्ने गरेको छ ।[२] आर्थिक गरिबी दर २७.७ % छ भने बहुआयामिक गरिबी दर झन् उच्च ४७.९ प्रतिशत छ जसले महिलाको स्वास्थ्य, शिक्षा, र आधारभूत आवश्यकताहरूमा व्यापक अभाव रहेको संकेत गर्दछ।

उक्त तथ्यांकअनुसार मधेश प्रदेशका महिलाहरू घरायसी कार्य र पारिश्रमिक बिनाको सेवामूलक कार्यमा व्यस्त हुने गरेको देखिन्छ । सामुदायिक सेवा र सहभागितामा महिला तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता तुलनात्मक रूपमा हुन नसकेको स्थिति देखिन्छ । प्रदेशमा जातीय छुवाछुत सामाजिक कुसंस्कारको रूपमा रहेको छ भने महिलाको शिक्षामा न्यून पहुँच रहेको अवस्था छ ।

संविधानद्वारा निर्देशित लैङ्गिक समानताका तथा सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्ने क्रममा मधेश प्रदेश सरकारले धेरै प्रयास गरेको देखिन्छ । प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९, बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना (२०७८/०७९-२०८८/२०८९), बाल संरक्षण तथा सशक्तिकरण ऐन, २०८१, दलित सशक्तिकरण ऐन २०७६,[३] प्रदेश बालअधिकारसम्वन्धी ऐन २०७७, बालमैत्री स्थानीय सुशासन कार्यान्वयन निर्देशिका, २०७८, जारी गरेको छ । त्यसै गरि मधेश प्रदेशको सरकारले विभेदमुक्त सामाजिक न्याय स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीबिचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले मुख्यमन्त्रीको संयोजकत्वमा बेटी पढाऊ, बेटी बचाऊ अभियान, छोरी शैक्षिक बिमा कार्यक्रम सञ्चालन गरिरहेको छ । प्रदेश प्रहरीसहित अन्य सेवामा महिलालाई ५० प्रतिशत आरक्षणसहित दलित, मुस्लिम, जनजातिलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षणको व्यवस्था कानूनी रूपमा सुनिश्चित गरिएको छ । प्रदेशको **प्रथम आवधिक योजना आ.व. २०७६/७७ – २०८०/८१**[४] तथा यस आर्थिक वर्षमा पास भएको दोस्रो आवधिक योजना आ.व. २०८१/८२ – २०८५/८६ जस्ता प्रयासलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सम्वन्धमा प्रमुख रुपमा लिन सकिन्छ । **"आत्मनिर्भर र समृद्ध मधेश सुखी मधेशी"** दिर्घकालीन सोच सहित पास भएको यस दोस्रो आवधिक योजनाले लैङ्गिक समानता सम्बन्धी नीतिगत, कानूनी र संस्थागत प्रवन्धको सुदृढीकरण

[2] NDHS Survey, 2022

[३] ऐनले नि:शुल्क शिक्षा, रासन कार्डको व्यवस्था, सशक्तिकरणका कार्यक्रमका साथै समानुपातिक समावेशीको पालनाका लागि दलित सिटमध्ये ५० प्रतिशत दलित महिलाको लागि व्यवस्था गर्ने स्पष्ट उल्लेख गरेको छ ।

[४] यो योजनाले लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने क्षेत्रगत सोच राखी विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम गर्ने लक्ष्य लिएको छ ।

गर्ने, लैङ्गिक समानता सम्बन्धी कार्ययोजना तर्जूमा गरी कार्यन्वयन गरिने, लैङ्गिक उत्तरदायी वजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थनीय तहसम्म संस्थागत गरिने, महिला सशक्तीकरण सम्बन्धमा महिला हिंसा विरुद्ध कार्यक्रम चलाउने, लैङ्गिक उत्तरदायि शासन पद्धति अवलम्बन गरिने, दाईजो विना विवाह गर्ने परिवारलाई सम्मान गरिने, आर्थिक सामाजिक क्षेत्रमा विद्यमान लैङ्गिक विभेद कम गर्ने, महिला उद्यमशीलता विकास गर्ने, दलित एवं विपन्न महिलाहरुका लागि शिक्षा, व्यवसायिक तालिम र प्रजनन स्वास्थ्य सेवा निशुल्क र सुलभ हुने व्यवस्था मिलाईने, बालन्याय प्रणालीलाई सुदृद गरिने, बालमैत्री शासन प्रणाली प्रवर्धन गरिने, सीमान्तकृत तथा पिछडिएका समुदायका आधारभूत आवश्यकताहरु पूरा गर्ने, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सशक्तीकरण गर्ने र उनीहरुप्रतिको सामाजिक् धारणा परिवर्तन गर्ने जस्ता योजनाहरु लैङ्गिक समानता तथा समावेशीकरणको सम्बन्धमा दोस्रो आवधिक योजनाको प्रमुख योजनाको रुपमा लिन सकिन्छ।

**प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९** : लैससासको क्षेत्रमा प्रदेशस्तरिय नीतिगत प्रयासको सम्बन्धमा प्रमुख रुपमा लिन सकिन्छ। यस नीतिको उद्देश्य लैङ्गिक समानता तथा सामाजिक रुपले समावेशी जवाफदेही शासनलाई संस्थागत गर्न प्रदेश सरकारका सबै तह र निकायहरुमा महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने, सबै प्रकारका प्रत्यक्ष र अप्रत्यक्ष विभेद र असमानताहरुको अन्त्य गर्ने, सबै वञ्चितीकरणमा परेका समूह तथा समुदायहरुको लागि सम्मानित ढंगले बाँच्ने वातावरणको सुनिश्चितता गर्ने, आर्थिक समृद्धि र दिगो विकासको सुनिश्चितता गर्ने, वञ्चितीकरणमा परेका समूहहरुको लागि स्रोत, साधन, अवसर तथा लाभहरुमा समान पहुँचको सुनिश्चितता गर्ने साथै वञ्चितीकरणमा र जोखिममा रहेका समुदायहरु विरुद्धको सबै प्रकारका हिंसाको अन्त्य गर्ने जस्ता धेरै व्यवस्थाहरु गरेको छ। प्रदेशस्तरीय सारभूत लैङ्गिक समानताका प्रमुख नीतिहरु देहाय अनुसार रहेको छ।

नीति १: लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गरिनेछ।

नीति २: प्रदेश सरकारको हरेक तह र निकायमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

नीति ३: प्रत्यक्ष तथा अप्रत्य रुपमा हुने सबै प्रकारका लैङ्गिक विभेद र असमानताको अन्त्य गरी सबै महिलाको सम्मानपूर्वक बाँच्न पाउने र जीवनयापनको वाताबरण सुनिश्चित गरिनेछ

नीति ४: आर्थिक समृद्धि र दिगो विकासका लागि स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गरिनेछ।

नीति ५: महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४:** लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ। यसका अलवा नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदी वडा समितिको काम, कर्तव्य र अधिकार रहेका छन्। योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्न भनिएको छ। महिला,



CamScanner

बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नुपर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) नगरपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तैर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने छ भनि उल्लेख गरेको छ

## १.३ लैसअसास सम्बन्धी समस्या, रिक्तता तथा अवसरहरु :

नगराइन नगरपालिकाले कानून, नीति नियम तथा कार्यविधि तथा मापदण्डसमेत गरी हालसम्म ४२ वटा ऐन, कानून, तथा निर्देशिका र कार्यविधि निर्माण गरी कार्यन्वयन गरेको अवस्था छ । यस पालिकाले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा दलितलगायत पछाडि पारिएका लक्षित वर्गको सशक्तिकरण तथा अधिकार संरक्षणका लागि आयमूलक, सिपमूलक तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् । न्यायिक समितिको प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि वजेट विनियोजन भएको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि राज्यबाट उपलब्ध हुने सेवा सुविधाका साथसाथै अन्य औषधोपचार खर्चको पनि व्यवस्था भएको छ । यस पालिकाको विद्यालयहरुमा किशोर किशोरी शिक्षा प्रदान गरिनुका साथै महिनावारी प्याड तथा यस सम्बन्धमा पढाउनका लागि छुट्टै शिक्षिकाको पनि व्यवस्था गरिएको छ । नीति निर्माणका क्रममा यस पालिकाका पदाधिकारी, कर्मचारीहरु तथा गैरसरकारी संस्थाका प्रतिनिधि, पत्रकार, शिक्षकलगायत समाजका अभियन्ता तथा अधिकारकर्मीहरुसँग गरिएको छलफल तथा वैठकहरु र पालिकाबाट उपलब्ध विभिन्न नीति नियम र रणनीतिहरुको अध्ययनबाट यस पालिकामा लैससास सम्बन्धी देहायनुसार सवल पक्ष, समस्या तथा अवसरहरु रहेका देखिन्छन् ।

**समस्या तथा रिक्तता (Gaps)**

- लैसअसास विषय सम्वोधनको लागि लैससास तथा महिला सम्बन्धी छुट्टै शाखा स्थापना नभएको,
- वैदेशिक रोजगारबाट सृजित सामाजिक तथा पारिवारीक विखण्डन सम्बोधन गर्न पर्याप्त नीति तथा कार्यक्रमहरु नभएको,
- लैसअसास सम्बन्धी कार्यक्रमको सूचनामा सहन पहुँच नभएको,
- पालिका प्रतिनिधि तथा कर्मचारीहरुमा लैससासको बुझाइमा एकरुपमा नभएको,
- मानव अधिकार तथा लैङ्गिक समानताका बारेमा अन्तर्राष्ट्रिय दस्तावेज र यसको कार्यान्वयनमा स्थानीय सरकारको भूमिकाको बारेमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पर्याप्त जानकारी नभएको,
- पालिका तथा सरकारबाट उपलब्ध गराइने आधारभूत सेवा तथा सुविधा र कार्यक्रमहरुमा महिला, दलित तथा अन्य लक्षितवर्गकरुको पहुँचमा समस्या भएको,

- महिला, दलित, अपाँगता भएका व्यक्ति, किशोर किशोरी तथा अन्य लक्षितवर्गहरुको आर्थिक सशक्तिकरण तथा विकासका लागि कृषि, आयमूलक तथा सिपमूलक र रोजगारमूलक कार्यक्रमहरु विशेष नीति तथा कार्यक्रमहरु नभएको,
- ज्यालामा महिला र पुरुषको विभेदलाई हटाउन गर्न स्थानिय रुपमा ऐन कानून तथा कार्यक्रमहरु नबनेको,
- बालविवाह, बहु विवाह, महिला हिंसा विरुद्धको कार्ययोजना तथा कुनै आचारसंहिताको निर्माण नभएको,
- दलित समुदायहरु विरुद्ध गर्ने भेदभाव तथा हिंसा र बञ्चितीकरण अन्त्यका लागि स्थानीय तहमा नीतिगत व्यवस्था नभएको र कार्यक्रमहरु प्रभावकारी नभएको,
- दलित समुदायको आर्थिक विकास र व्यसायिक विकासको लागि प्रभावकारी पहला नभएको,
- अपाङ्गता भएको व्यक्तिहरुको शिक्षा, स्वास्थ्य तथा रोजगारीको अवसरका लागि नीतिगत तथा कार्यगत व्यवस्थाहरु नभएको,
- प्रजुनन् स्वास्थ्य समस्या तथा हिंसा सम्बोधन गर्न स्थानीय नीति नियम तथा कार्यविध नभएको,
- द्वन्द्व प्रभावित महिला, एकल महिला, घरेलु हिंसाबाट प्रभावित एक्लै बस्दै आएका महिला तथा यौनजन्य हिंसाबाट प्रभावित महिला र विदेशी विवाहबाट जन्मेका महिला र उनीहरुमा आश्रित बालबालिकाहरुको व्यक्तिगत घटना दर्तालगायत अन्य सेवा सुविधा लिन गाह्रो भएको ।

| अवसर |
|---|
| • सामाजिक सुरक्षा शाखा, उद्यम विकास शाखा, रोजगार शाखा, कृषि शाखा, आयूर्वेद शाखा लगायतका संस्थागत संरचनाहरु स्थापना भएको<br>• लैसअसास नीति तथा महिला हिंसा नियन्त्रणसम्बन्धी अन्य कानून तथा दीर्घकालीन कार्ययोजनाहरु बनाउनु पर्छ भन्ने सकारात्मक धारणा भएको,<br>• विभिन्न गैरसरकारी संस्थाहरुले गरिब तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीका क्षेत्रमा कार्य गर्ने संस्थाहरुसँग राम्रो समन्वयको सम्भावना भएको,<br>• सरकारका नीति तथा कार्यक्रममा समेत समावेशी विकासका नीतिलाई जोड दिएको हुँदा सो अनुसार आगामी वर्ष लैसअसासमा थप लगानी गर्न सकिने अवसर रहेको,<br>• लैसअसास वजेट छुत्याउनुपर्छ भन्ने सकारात्मक धारणा भएको,<br>• कृषि, स्वरोजगार तथा स्वास्थ्यको क्षेत्रमा कामगर्ने अवसरहरु धेरै भएको<br>• लक्षित वर्गहरु समेत आफ्नो अधिकारको बारेमा सचेत हुँदै गएको हुँदा आगामी समयमा लैससास सम्बन्धी कार्यक्रमहरु थप विस्तार हुन सक्ने अवसर रहेको छ,<br>• सानो सानो बजेट विनियोजनबाट लैसअसास सम्बन्धी नीति, नियम, कानून, आचारसंहिता जस्ता विषयहरु बनाउन सकिने । |

## १.४ नगराईन नगरपालिकामा कार्यरत सरोकारवाला संस्थाहरुका नक्साङ्कन

नगराईन नगरपालिकामा लैसअसास, महिला तथा बालबालिकाको हक अधिकार तथा लैङ्गिक समानताका क्षेत्रमा प्रत्येक्ष वा अप्रत्यक्ष सरोकार राख्ने नगरपालिका भित्रका विभिन्न शाखाहरु जस्तै सामाजिक सुरक्षा शाखा, उद्यम विकास शाखा, रोजगार शाखा, आयुवेर्द शाखा, कृषि शाखा, स्वास्थ्य शाखा, प्राविधिक शाखा लगायतका शाखा, सरकारी निकायहरू, विकास साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरूका साथै सामुदायिक संस्थाहरुलाई सरोकारवालाको रूपमा लिएको छ ।

## ४.५ जोखिम तथा न्यूनीकरण

लैसअसास नीति तथा कार्ययोजनाको प्रकृति र स्वरूप वृहद् भएको र साझा सरोकारको विषय भएकोले यसको प्रभावकारी कार्यान्वयनमा विभिन्न प्रकारका अवरोध आउन सक्छन । प्रमुख जोखिमहरू निम्नानुसार छन् :

| जोखिम | जोखिम न्यूनीकरण |
|---|---|
| • लैसअसास को अवधारणा बारे साझा बुझाइमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने ।<br>• समाजमा अझै पनि पितृसत्ता र सामन्तवादी सोच हावी रहेको सन्दर्भमा यस नीति कार्यान्वयन प्राथमिकतामा नपर्न सक्छ ।<br>• यो नीति बहुपक्षीय सरोकारको विषय भएकोले समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ<br>• यो नीतिको कार्यान्वयनमा संस्थागत क्षमता, जनशक्ति र श्रोत साधनको परिचालनका लागि आवश्यक आन्तरिक तथा बाह्य श्रोत विनियोजनमा लैससास संवेदनशीलताको अभावका कारण प्राथमिकता नपाउन सक्छ | • यो नीतिको सफल कार्यान्वयनका लागि सबै सरोकारवाला सरकारी निकाय, संघसंस्था, विकास साझेदारहरू र निजी क्षेत्रबिच साझा अवधारणा, सहमति, प्रतिवद्धता, सहयोग र समन्वयका लागि बृहद छलफल गर्ने ।<br>• नगरपालिकाभित्र संस्थागत संरचनाको स्थापना गरी आवश्यकताअनुसार कर्मचारीको व्यवस्था गर्ने<br>• नीति कार्यान्वयनका लागि विस्तृत कार्ययोजना छिटोभन्दा छिटो तयार गरी नीति बारे सम्वन्धित सबैलाई अभिमुखीकरण गर्ने ।<br>• नगरपालिका र वडा कार्यालयहरूमा लैससासका सवालहरू बारे ज्ञान दक्षतासहितको जनशक्ति निर्माणमा विशेष जोड दिने ।<br>• संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरूसँग समन्वय गरी श्रोत साधनको परिचालन गर्ने ।<br>• नगरपालिकामा लैसअसास बारे विज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको निरन्तर भेला, बैठक र छलफल गराई राय परामर्श लिने । |



सुधिर कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## १.६ लैसअसास नीतिको आवश्यकता तथा औचित्यता:

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कार्यान्वयनमा ल्याइएको छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा, स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने दायित्व स्थानीय सरकारको रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख गरिएबमोजिम नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आफ्नो पालिकामा आर्थिक तथा सामाजिक रुपले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्नुपर्ने र पालिकामा समस्याको रुपमा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, मानव बेचविखन, छुवाछुत, दहेज तथा दाइजो, हलिया, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिकं कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्वसमेत स्थानीय सरकारको रहेको छ । त्यसैले संवैधानिक तथा कानूनी दायित्व पूरा गर्नुका साथै देहायका परिणामहरु प्राप्तिका लागि पालिकामा लैसअसास नीतिको आवश्यकता रहेको छ ।

क) लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशिताको सिद्धान्तलाई व्यावहारिक रुपमा आन्तरिकीकरण तथा स्थानीय तहमा मूलप्रवाहीकरण गर्न,
ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी दिगो विकासका लक्ष्य प्राप्त गर्न,
ग) नगरपालिकाको योजना तर्जुमा प्रक्रियादेखि कार्यक्रम सञ्चालन र परिणामसमेत लैससासमैत्री बनाउन,
घ) लैसअसासको अवधारणानुरुप पालिकाको शासन तथा नीतिगत तहमा सबैको समान प्रतिनिधित्व सुनिश्चित गर्न,
ङ) नगरपालिकाको सबै स्रोतहरुमा आवश्यकतानुसार लैससास उत्तरदायी बनाउन,
च) नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरु लक्षित समूहसम्म पुऱ्याउन मार्गनिर्देशन गर्न,
छ) पालिकाको क्षेत्रमा समानुपातिक विकासको लागि मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण गर्न

**१.७ लैसअसास सम्बन्धी आधारभूत सिद्धान्तहरु :** देहायका सिद्धान्तका आधारमा यस लैसअसास नीति निर्माण गरिएको छ :

(क) **अविभेद (Non-discrimination) :** यो नीतिको कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(ख) **सारभूत समानता :** यो नीतिले लैससासका लागि सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई अंगीकार गर्दछ ।

(ग) **समता :** यस रणनीतिले असमान व्यक्तिहरूबिच समता कायम गर्न असमान व्यवहार तथा सकारात्मक भेदभाव गर्नुपर्ने सिद्धान्तलाई स्वीकार्दछ ।

(घ) **कोही पछाडि नछुटून् :** यो नीति दिगो बिकास लक्ष्यको कोही पनि पछाडि नछुटून् भन्ने अवधारणामा आधारित छ ।

(ङ) **कसैलाई हानि नपुऱ्याउने :** यो नीतिले कसैलाई पनि हानि नोक्सानी वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(च) **शून्य सहनशीलता :** यो नीतिले लैङ्गिक शोषण, विभेद र हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गीकार गरेको छ ।

(छ) **अर्थपूर्ण सहभागिता (Meaningful participation) :** यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरु (महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत) को अर्थपूर्ण सहभागितालाई महत्व दिइने छ ।

(ज) **साझेदारिता र सहकार्य (Partnership and collaboration) :** यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरुको समन्वय, साझेदारिता र सहकार्यालाई महत्व दिनेछ ।

(झ) **सकारात्मक सोच :** यो नीति सकारात्मक सोच लिई परिवर्तन सम्भव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

(ञ) **बालबालिकाको सर्वोत्तम हित (Best interest of children) :** यो नीतिले लैङ्गिक हिंसाको सम्बोधन गर्ने सवालहरुमा बालबालिकाको सर्वोत्तम हित र भलाईलाई सर्वोपरी राखिनेछ ।

(ट) **सारभूत समानता (Substantive equality) :** यो नीतिले लैङ्गिकताका सवालमा सारभूत समानतालाई आत्मसात गर्नेछ ।

(ठ) **गोपनीयताको अधिकार (Rights to Privacy) :** यो हिंसाबाट प्रभावित व्यक्तिहरुको व्यक्तिगत गोपनीयताको अधिकारलाई पूर्ण ध्यान दिने छ ।

(ड) **पुरुष तथा किशोरहरुको संलग्नता (Men and boys engagement) :** यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा किशोरहरुको संलग्नता अपरिहार्य छ भन्ने मान्यता राख्नेछ ।

(ढ) **पीडित प्रभावितको संरक्षण (Protection of the victimsn/survivors) :** यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउन पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राख्नेछ ।

(ण) **न्यायमा पहुँच (Access to Justice) :** यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुका लागि न्यायमा पहुँचको सिद्धान्तलाई अंगीकार गर्नेछ ।

## परिच्छेद- २

### लैङ्गिक समानता अपांगता तथा सामाजिक समावेशीकरण नीति, २०८२

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज तथा नेपालको संबिधानको अनुरुप स्थानीय सरकारबाट प्रवाह हुने सेवा, सुविधा तथा विकासका कार्यक्रमहरुमा विभिन्न कारणले लामो समय देखि पछाडि

पारिएका महिला, दलित, जनजाति, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, गरिव किसान , लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सीमान्तकृत समुदायको पहुँच वृद्धि गर्नु, अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्नु र विकासमा विना भेदभाव मूलप्रवाहीकरण गर्नु स्थानीय सरकारको प्रमुख दायित्व अनुरुप नगराईन नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले **"नगराईन नगरपालिकाको लैङ्गिक समानता अपांगता तथा सामाजिक समावेशीकरण नीति, २०८२"** मिति..२०८२।१२।२५..जारी गरि लागु गरेको छ ।

**२.१. दीर्घकालीन सोच**

सामाजिक न्यायसहितको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमूलक नगराईन नगरपालिका

**२.२. दीर्घकालीन लक्ष्य**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्ने ।

**२.३ उद्देश्यहरु**

१) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तलाई नगरपालिकामा आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्ने,

२) नगरपालिकाको नीति तथा कार्यक्रम, योजना, संरचनागत संरचना, सेवा, सुविधा तथा बजेट लैससास उत्तरदायी बनाउने ।

३) नगरपालिकाबाट उपलब्ध गराइने सार्वजनिक स्रोत, साधन तथा सेवामा महिला तथा लक्षित वर्गको पहुँच र नियन्त्रणको अवस्था बढाउन सशक्तिकरण गर्ने ।

४) महिला तथा लक्षितवर्ग तथा विपन्न वर्गको गरिवी न्यूनीकरणका लागि आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य सुधार गर्ने ।

५) समाजमा विद्यमान लैङ्गिक तथा जातीय विभेद र सो आधारमा हुने हिंसा तथा अन्य हानिकारक परम्परा र अभ्यासको अन्त्य गर्ने ।

**२.४ परिभाषा** : विषय वा प्रसगंले अर्को अर्थ नलागेमा देहायका अर्थ भन्नाले

| | |
|---|---|
| **नीतिः** | **" नगराईन नगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति तथा रणनीति २०८२"** लाई जनाउँदछ । |
| **लिङ्गः** | "लिङ्ग" भन्नाले जन्मदाकै अवस्थामा जैविक आधारमा (जनेन्द्रिय) महिला, पुरुष वा अन्य फरक लिङ्ग भनि थाहा पाउने प्राकृतिक पहिचान |
| **लैङ्गिकताः** | लैङ्गिकता भन्नाले लिङ्गको आधारमा महिला, पुरुष तथा अन्य फरक लिङ्गहरुको लागि समाजबाट निर्धारित पहिचान, मूल्य, मान्यता तथा भूमिकाहरुलाई जनाउँदछ । |
| **अन्तरविविधता (Intersectionality):** | कुनै एक व्यक्तिले लिङ्ग, जातजाति, वर्ग र अन्य धेरै तत्वका आधारमा कसरी दमनको सामना गर्नुपर्दछ भन्ने बारे विश्लेषण गर्ने अवधारणा, |



CamScanner

|  |  |
|---|---|
|  | सामाजिक पहिचान एवं दमन, शोषण वा विभेदजन्य प्रणालीका कारण सीमान्तकृत व्यक्तिहरुको बारेमा बुझ्ने आधारलाई जनाउँदछ । |
| **लैङ्गिक खण्डीकृत तथ्यांक:** | लैङ्गिकताको आधारमा (महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक) संख्या, आर्थिक सामाजिक शैक्षिक तथा अन्य विषयमा छुट्टाछुट्टै तथ्यांकहरु संकलन गर्ने तथा व्यवस्थित गर्ने । |
| **बहुविभेद (Multiple Discrimination) :** | लिङ्ग, वर्ण, जातजाति, धर्म वा आस्था, अपाङ्गता, उमेर, यौनिक रुझान वा अन्य विशेषताहरुमध्ये केही वा सबैका आधारमा गरिने भेदभाव |
| **लैङ्गिक समता :** | लिङ्गको आधारमा महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको फरक आवश्यकताको आधारमा स्वच्छ निष्पक्ष र न्यायिक व्यवहार तथा लैङ्गिक समानता कायम गर्नको लागि गरिने न्यायिक व्यवहार तथा नीतिगत पहलहरु । |
| **लैङ्गिक समानता:** | महिला, पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच निजी तथा सार्वजनिक जीवनमा मानव अधिकारको उपयोग, योगदान, पहुँच तथा लाभमा समान अवस्था र अवसर । |
| **लैङ्गिक मूलप्रवाहीकरण:** | विकास तथा न्यायको पद्धतिमा महिला, गरिब तथा वञ्चितीकरणमा पारिएका व्यक्तिहरुको विषय तथा व्यवधानलाई मूलप्रवाहमा राखी कार्य गर्ने वा सो प्रकृयामा लैङ्गिक समानतालाई के कसरी अवलम्बन गर्ने वा मूलधारमा राख्ने भनि सुनिश्चित गर्ने रणानीति हो । |
| **लैङ्गिक आवश्यकता:** | लैङ्गिकताको अनुभवको आधारमा महिला र पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकले प्राथमिकता दिएको र व्यक्त गरेका आवश्यकताहरु |
| **लैङ्गिक योजना:** | लैङ्गिक संवेदनशील नीति कार्यान्वयन गर्न गरिने प्राविधिक र राजनीतिक प्रकृया र कार्यविधि । |
| **लैङ्गिक सम्बन्ध:** | महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच प्रभुत्व वा अधीनस्थता जनाउने श्रेणीवद्ध शक्ति सम्बन्ध । |
| **लैङ्गिक तालिम:** | लैङ्गिक समानताका लागि लैङ्गिक मुद्दामा व्यक्तिगत वा संस्थागत चेतना तथा क्षमता अभिवृद्धि । |
| **लैङ्गिक हिंसा:** | लैङ्गिकताका आधारमा शारीरिक, मानसिक, आर्थिक, सांस्कृतिक, यौनजन्य तथा प्रजनन स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने काम वा धम्की । |
| **पितृसत्ता:** | पुरुषबाट समाज निर्देशित हुनुपर्छ र महिला पुरुषको अधीनस्थ हो भन्ने मान्यता नै पितृसत्ता हो । पुरुष प्राथमिकीकरण मूल्य मान्यता र विश्वास । |
| **पितृसत्तात्मक संरचना:** | पुरुषको महिलामाथिको शारीरिक, सामाजिक र आर्थिक प्रभुत्व रहने गरी पद्धतिगत रुपमा संस्थागत गरिएको व्यवस्था । |
| **लैङ्गिक भेदभाव:** | लिङ्गको आधारमा अर्थात किशोर किशोरी, महिला पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आधारमा गरिने भेदभावपूर्ण सोच, व्यवहार, मूल्य मान्यता र कानूनी व्यवस्था । |
| **लैङ्गिक श्रम विभाजन:** | समाजद्वारा निर्धारित मान्यताका आधारमा महिला र पुरुषका लागि कुन काम गर्न ठिक वा बेठिक भनि गरिने निर्धारण । |
| **लैङ्गिक तटस्थ:** | विद्यमान लैङ्गिक असमानतालाई निरन्तरता दिने । |

**लैङ्गिक संवेदनशील:** विद्यमान लैङ्गिक असमानतालाई सम्बोधन गर्न आवश्यक लैङ्गिकमैत्री वाताबरण, बोलीचाली, व्यवहार, स्रोत सामग्री, नीति नियम, सेवा सुविधा, सूचना प्रवाह आदि ।

**लैङ्गिक रुपान्तरण:** महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको विद्यमान लैङ्गिक भूमिका र सम्बन्धलाई पुन:परिभाषित गर्ने ।

**लैङ्गिक उत्तरदायी बजेट:** लैङ्गिक समानता र आर्थिक उन्नतिका लागि विकास र लगानीमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन छुट्याउने बजेट ।

**समावेशिता:** शासकीय प्रणालीको निर्णय तथा कार्यान्वयन गर्ने प्रकृयामा जनताहरुको विविधता तथा बहुलतालाई समावेश गर्ने नीति ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:** लैङ्गिक तथा समाजमा रहेका विभिन्न जातजाति आर्थिक तथा सामाजिक अवस्थाको आधारमा सबैलाई समाज तथा निर्णायक तह तथा प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि गरिने सकारात्मक प्रयास-तथा पहलहरु ।

**वहिष्कृत समूह:** लामो समयदेखि प्रणालीगत रुपमा विभिन्न कारणले बञ्चितीकरणमा पारेका समुदायहरु ।

**पीडित समूह :** परिस्थितिगत रुपमा पछाडि परेका वा पछाडि पर्ने सम्भावना भएका समूह

**लैङ्गिकता प्रभाव विश्लेषण तथा मूल्याङ्कन :** महिला तथा पुरुषहरुमा फाइदाजनक प्रभाव परेको छ छैन सो को सुनिश्चित गर्न यसले नीति तथा अभ्यासहरुको विश्लेषण तथा मूल्याङ्कन गर्न ।

**लैङ्गिक तथा समावेशी संवेदनशील:** महिला, गरिब तथा वहिष्कृत वर्गलाई क्षेत्रीय स्रोत तथा अवसरहरुमा पहुँचको सुनिश्चितता गर्न महिला, पुरुष तथा यौनिक अल्पसंख्यकहरुको विभिन्न आवश्यकता, असमान शक्ति सम्बन्ध तथा असमानतालाई सम्वोधन गर्नु ।

**लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु :** कार्यालयमा लैङ्गिकता समानता तथा सामाजिक समावेशीकरण विषयमा काममा नीतिगत सुझाव दिने, काम गर्ने तथा सम्पर्क गर्ने व्यक्ति ।

**GESI संवेदनशील अनुगमन तथा मूल्याङ्कन:** लैंगिकताको आधारमा शक्ति संरचना र प्रयोगमा हुने अन्तर मापन गर्ने आधार नै GESI संवेदनशील अनुगमन तथा मूल्याङ्कन ।

**महिला सशक्तिकरण:** महिला सशक्तिकरण भनेको महिलालाई आफुहरुमाथि भएको सामाजिक आर्थिक राजनीतिक कानूनी तथा व्यवहारमा हुने गरेका लैङ्गिक विभेदको विरोध गरी गलत र सही छुत्याउन सक्ने, गलत कार्यको विरोध गर्ने चुनौती दिने र सच्याउन पहल गर्न सक्ने क्षमतावान वनाउने प्रक्रिया ।

**सकारात्मक विभेद:** फरक तथा भेदभावका कारण पछाडि पारिएका समुदाय तथा क्षेत्रको लागि अरु जस्तै समान अवस्थामा पुऱ्याउनका लागि प्राथमिकताको आधारमा दिने थप सेवा सुविधा र विशेष व्यवस्था ।

**लक्षित वर्ग :** महिला, तराई दलित, विपन्न वर्ग, सुकुम्वासी, घरेलु हिंसा पीडित, विद्यालय नजाने बालबालिका, सीमान्तकृत किसान, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक



CamScanner

## लैससास नीति तथा रणनीति

### ३.१ प्रमुख नीतिहरु

नगराईन नगरपालिकाले माथि उल्लिखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशी पद्दति स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामूलक ढंगले समानुपतिक विकास गर्न र न्यायिक समाजको स्थापनाका लागि देहाय बमोजिमको लैसअसास मूलप्रवाहीकरण नीति तथा रणनीति जारी गरेको छ ।

नीति १: नगराईन नगरपालिकाका नीति, कानून, योजना तथा कार्यक्रम लैङ्गिक उत्तरदायी तथा समावेशीमैत्री बनाउने,

नीति २: लैसअसासमैत्री संस्थागत संरचनाको विकास तथा विस्तार गर्ने ।

नीति ३: महिला तथा लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, संवर्धन तथा सशक्तिकरण गर्ने,

नीति: ४ नेतृत्व तथा निर्णायक तहमा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको लागि नेतृत्व क्षमता विकास गर्ने ।

नीति: ५ पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वास र हिंसा मुक्त नगरपालिका निर्माण गर्ने

नीति ६ : नगरपालिकाको कायक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने

### ३.२ लैससास मूलप्रवाहीकरणको नीति तथा रणनीति

**नीति १: नीति, कानून, योजना तथा कार्यक्रम लैङ्गिक उत्तरदायी तथा समावेशीमैत्री बनाउने,**

रणनीति १ : यस नगरपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानून, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुलाई पुनरावलोकन गरी लैससास मैत्री बनाउने,

रणनीति २ : महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको व्यावहारिक रुपमा सुनिश्चित गर्न नीतिगत तथा कार्यगत पहल गर्ने,

रणनीति ३: लैङ्गिक हिंसा शून्य नमुना नगरपालिका निर्माणको लागि आवश्यक नीति नियम, संरचना, कार्यक्रमहरु र वजेट व्यवस्थापन गर्ने,

रणनीति ४: लैससासमैत्री भौतिक संरचना (अपाङ्गमैत्री, प्रजनन स्वास्थ्यमैत्री र जेष्ठ नागरिकमैत्री) स्रोत साधनको विकास गर्न कानून, निर्देशिका तथा मापदण्डहरु तयार गरी लागु गर्ने,

रणनीति ५ नगरपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैङ्गिक समानता तथा सामाजिक समावेशी अवधारणाअनुरुप गुणस्तरीयता कायम गर्न आवश्यक नीति नियम वनाइ लागु गर्ने ।

**नीति २:** **लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री संस्थागत संरचनाको विकास गर्ने,**

**रणनीति १:** यस नगरपालिकमा लैसअसास नीति कार्यान्वयनका लागि पालिकास्तरीय संरचना निर्माण गर्ने,

**रणनीति २:** **लैङ्गिक हिंसा उन्मूलन तथा पीडित सहयोग संयन्त्रहरु निर्माण गर्ने,**

**रणनीति ३:** यस नगरपालिकामा लैसअसास सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने,

**रणनीति ४:** बालअधिकार वडा तथा समुदायगत समुहहरु गठन गर्ने,

**रणनीति ५:** लैङ्गिकमैत्री विपद जोखिम तथा व्यवस्थापन समिति वनाउने ।

**नीति ३:** **महिला तथा लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, संवर्धन तथा सशक्तिकरण गर्ने,**

**रणनीति १:** मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरु स्थानीयकरण गर्न योजनागत कार्यक्रमहरु सञ्चालन गर्ने,

**रणनीति २:** महिला उद्यमी विकासको लागि व्यवसायिक क्षमता विकास तथा सहयोग गर्ने

**रणनीति ३:** आर्थिक **आत्मनिर्भरताका लागि "नगरपालिकाको सहयोग युवाको पौरख"** नारासहित युवा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने,

**रणनीति ४:** नगरपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधा र विकासका कार्यक्रमहरुमा सबै लक्षित वर्गको पहुँच बृद्धि गर्ने,

**रणनीति ५:** महिला तथा बालबालिकाको शिक्षाको पहुँच वृद्धिका लागि प्रोत्साहनमूलक कार्यक्रमहरु ल्याउने,

**रणनीति ६:** **"स्वस्थ्य महिला समृद्ध नगरपालिका" नारासहित** महिलाको प्रजनन स्वास्थ्य (महिलाको अन्तरविविधताको आधारमा) यौन तथा प्रजनन स्वास्थ्य (पाठेघर खस्ने समस्या, सुरक्षित गर्भपतन, मर्यादित महिनावारी, गर्भनिरोध साधन छनौट र सुरक्षित संस्थागत प्रसूति) अधिकार संरक्षणका लागि नीतिगत तथा कार्यगत प्रयासहरु गर्ने ।

**नीति ४:** **नेतृत्व तथा निर्णायक तहमा महिलाहरुको नेतृत्व क्षमता विकास गर्ने**

**रणनीति १:** महिला तथा लक्षितवर्गको **(सामाजिक अन्तरविविधताको आधारमा)** राजनीतिक नेतृत्व क्षमता विकासका लागि विशेष नीति तथा कार्यक्रम तयार गर्ने,

**रणनीति २:** निर्वाचित पदाधिकारीहरुको विषयगत नेतृत्व क्षमता विकास गर्ने,

**रणनीति ३:** महिला नेतृत्व विकासका लागि घरायसी कार्यबोझ बाँडफाटसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

**रणनीति ४:** नगरपालिकामा लैससासमैत्री नेतृत्वदायी पालिकाको विकास गर्ने ।



CamScanner

**नीति ५ :** **पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वास र हिंसा मुक्त नगरपालिका निर्माण गर्ने**

**रणनीति १:** **महिला विरुद्ध लैङ्गिकतामा आधारित हिंसा उन्मुंलनका लागि नीतिगत तथा कार्यगत योजना तर्जुमा गरि लागु गर्ने** (महिनावारी भेदभाव, गर्भपतन लाञ्छना, प्रसूति भेदभाव, जातिगत छुवाछुत, अपाङ्गताको आधारमा हुने भेदभाव तथा लाञ्छना र बोक्सीको आरोप) र हिंसा विरुद्धको सञ्चालन गर्ने,

**रणनीति २:** महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति (अपाङ्गताको प्रकार तथा डिग्रीको आधारमा) तथा जेष्ठ नागरिकहरु माथि हुने हिंसा विरुद्ध योजनागत कार्यक्रमहरु सञ्चालन गर्ने,

**रणनीति ३:** लैङ्गिक हिंसा प्रभावितहरुको लागि न्यायमा पहुँचको सुनिश्चितता गर्ने ।

**नीति ६:** **नगरपालिकाको कायक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने ।**

**रणनीति १:** लैङ्गिक उत्तरदायी वजेट निर्माणका लागि नीतिगत व्यवस्था गर्ने

**रणनीति २:** नीति, योजना, बजेट तथा हरेक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको लागि लैससास उत्तरदायी वजेटको व्यवस्था गर्ने

**रणनीति ३:** नगरपालिका कर्मचारी तथा मानवीय स्रोत परिचालनमा लैससास उत्तरदायि वनाउने

**रणनीति ४:** लैससास नीति तथा कार्ययोजना कार्यान्वयनका लागि आवश्यक समन्वय, सहकार्य तथा सम्प्रेषण गर्ने



CamScanner

## परिच्छेद–४

## नीति तथा कार्ययोजना कार्यान्वयन संयन्त्र

### ४.१ संस्थागत संरचना

यस लैससास नीति तथा कार्ययोजना प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न, कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गर्न, नीति र कार्ययोजनाको पुनरावलोकन तथा समयसापेक्ष संशोधन गर्न देहायका शाखा तथा समितिहरुको व्यवस्था गर्नेछ ।

**नगरपालिका स्तर**

- नगरपालिका उपमेयरको संयोजकत्वमा लैसअसास नीति अनुगमन तथा मूल्यांकन समिति
- लैसअसास सम्पर्क व्यक्तिसहित नगरपालिका लैसअसास शाखा

**वडा स्तर**

- महिला वडा सदस्यको संयोजकत्वमा वडास्तरीय लैसअसास नीति अनुगमन तथा परामर्श समिति
- लैसअसास सम्पर्क व्यक्ति सहित वडास्तरीय लैसअसास उपशाखा

**समुदाय स्तर**

- महिला समूहहरु
- बाल क्लब/सञ्जाल
- पुरुष तथा युवा समूह वा क्लब
- दुर्व्यशन मुक्त किशोर किशोरी समूह
- लैङ्गिक हिंसा उन्मूलन समुह
- धर्मगुरु धामी झाक्री समूह
- विद्यालय परिवार
- अपाङ्गता संस्थाहरु
- दलित, आदिवासी जनजाति, मुस्लिम, लोपन्मुख, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी संस्थाहरु
- महिला ऋण तथा वचत समुह
- महिला सहकारी संस्थाहरु
- उपभोक्ता समितिहरु

### ४.२ नगराईन नगरपालिकास्तरीय लैसअसास अनुगमन तथा मूल्यांकन समिति :

यस समितिमा संयोजकसहित देहायका ९ सदस्यहरु रहने छ ।

| | |
|---|---|
| क) नगरपालिकाका उपमेयर | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) आर्थिक तथा व्यवसायिक विकास शाखा प्रमुख | सदस्य |
| घ) कार्यपालिकाका सदस्यहरुमध्येवाट संयोजकले तोकेका कम्तीमा १ जना महिलासहित सिमान्तकृत समुदायबाट १ जना | २ सदस्य |

ङ) सामुदायिक संघसंस्थाहरुमध्येवाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका कम्तीमा १ जना महिला र १ जना अपाङ्गता भएका व्यक्ति र १ जना युवासहित ३ जनासदस्य

च) स्वास्थ्य तथा सामाजिक विकास समितिका प्रमुख — सदस्य सचिव

**४.३ वडास्तरीय अनुगमन तथा मूल्याङ्कन उपसमिति**

यस कार्यदलमा संयोजकसहित देहायका सात सदस्यहरु रहने छ ।

क) महिला सदस्य — संयोजक

ख) वडासदस्य (महिला तथा सिमान्तकृत सदस्यहरुबाट १ जना) — सदस्य

ग) वडा सचिव — सदस्य सचिव

घ) संघसंस्थाबाट युवाको प्रतिनिधित्व १ जनासहित आवश्यकतानुसार २ जना — सदस्य

**४.४ नगरपालिकास्तरीय अनुगमन तथा मूल्यांकन समितिका जिम्मेवारी :** अनुगमन तथा मूल्याङ्कन समितिको समितिको भूमिकासहित छुट्टै **लैङ्गिक संवेदनशील अनुगमन तथा मूल्याङ्कन** निर्देशिका तयार गरी लागु गर्नेछ । निर्देशिका वनाउँदा देहायका विषयमा ध्यान दिनुपर्नेछ ।

१) लैससास नीतिका लागि सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको वार्षिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

२) स्थानीयस्तरमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको समन्वय तथा सहकार्यमा अनुगमन तथा मूल्याङ्कनको खाका तयार गरिनेछ,

३) अनुगमन तथा मूल्याङ्कनको खाका तयार गर्दा लैससास खण्डीकृत तथ्याङ्क व्यवस्थापनसम्बन्धी विषयहरु प्रमुख रुपमा ध्यान दिनु पर्नेछ,

३) यस नीतिको कार्यान्वयनमा सहयोगी भूमिकामा रहने निकाय तथा संघसंस्थाहरूलाई लैसअसास खण्डीकृत तथ्याङ्क व्यवस्थापनसम्बन्धी प्रशिक्षण दिइनेछ,

४) समय समयमा लैससास नीति अनुगमन तथा मूल्याङ्कन खाकाका बारेमा वडा तथा पालिकास्तरमा छलफल गरिनेछ,

५) नीतिको कार्यान्वयन र प्रभावकारिता बारे स्वतन्त्र परामर्शदाताहरूबाट मूल्याङ्कन गरी उपयुक्त सुझावअनुसार सुधार गर्ने,

६) पालिका अन्तर्गत भएका समग्र प्रयासहरू बारे लैसअसास उत्तरदायी अनुगमन एकीकृत प्रतिवेदन तयार गर्नुपर्ने बारे सुनिश्चित गर्ने ।

७) अनुगमन तथा मूल्याङ्कन खाका तयार गर्दा कार्ययोजनाका साथै दिगो विकास लक्ष्यको लैङ्गिक समानतासम्बन्धी लक्ष्यलाई पनि सम्बोधन हुने गरि तयार गर्नु पर्दछ ।

**४.५ वडास्तरिय अनुगमन तथा मूल्याङ्कन उपसमितिको जिम्मेवारी**

यस उपसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) यस नगरपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु तथा सबै प्रकारका नीति नियम तथा योजनाहरु स्थानीय तहका समुदाय र नागरिक समाजसँग छलफल गरी लैससाससम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

ख) यस नगरपालिकाको योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ग) वडा तहको खण्डिकृत तथ्यांकको संकलन गर्न र समयानुकूल अद्यावधिक गर्न स्थानीय तहबाट आवश्यक सहयोग गर्ने,

घ) नगरपालिकाको कार्यक्रमहरुमा वडास्तरबाट आवश्यकतानुसार सूचना सम्प्रेषण गर्ने र कार्यक्रममा समानुपातिक सहभागिताका लागि सहजीकरण गर्ने,

ङ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन तथा मूल्यांकन गर्ने गराउने र लैसअसास लेखाजोखा गर्न सहयोग गर्ने,

च) पालिकाबाट सञ्चालन गर्ने महिला नेतृत्व विकास कार्यक्रममा उपयुक्त सहभागी छनौट तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक सहयोग तथा सहकार्य गर्ने,

छ) यी माथि उल्लिखित कार्यहरु गर्न गराउन अनुगमन तथा समन्वय समितिले चाहेको बेलामा आवश्यकतानुसार सहयोग तथा सहकार्य गर्ने,

ज) समितिको वैठक: पालिकास्तरीय अनुगमन तथा समन्वय समितिको वैठक प्रत्येक त्रैमासिक रुपमा वस्नेछ र वडास्तरीय सहसमितिको वैठक प्रत्येक चौमासिक रुपमा बस्नेछ । आवश्यकतानुसार समितिको वैठक जुनसुकै वेला पनि बस्न सक्नेछ ।

**४.६ पालिकास्तरीय लैसअसास शाखा तथा उपशाखाको स्थापना**

विद्यमान महिला बालबालिका तथा समाज कल्याण उपशाखालाई लैसअसास नीति तथा कार्ययोजना कार्यान्वयनका लागि लैसअसास शाखाको रुपमा परिमार्जन गरि नगरपालिकास्तरीय लैससास सम्पर्क व्यक्ति सहित लैसअसास शाखा र वडामा लैसअसास वडास्तरीय उपशाखाको स्थापना गरिनेछ। सो शाखामा आवश्यकतानुसारको कर्मचारीहरुको व्यवस्था गरिने छ।

**४.७ पालिकास्तरीय लैसअसास शाखाको काम कर्तव्य र अधिकार :**

१. लैसअसास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने,
२. नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशित दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने,
३. लैसअसास रणनीति अनुरुप लैङ्गिक तथा सामाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने,

४. योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

५. लैसअसास सम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने,

६. लैसअसास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने,

७. लैसअसास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

८. उल्लिखित कार्यहरु गर्न कार्य योजना र बजेटसहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

४.८ **वडास्तरीय लैसअसास उपशाखाको काम कर्तव्य र अधिकार :** यस उपशाखाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. नगरपालिकाको लैसअसास शाखाले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजहरु समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी सो अनुसार उनीहरुको कार्यक्रममा लैसअसास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

२. नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृयादेखि कार्यान्वयन र अनुगमनको चरणसम्म समुदायका विपन्न वर्ग तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

३. नगरपालिकाको वडातहको लैसअसास सम्बन्धी खण्डीकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न सहयोग गर्ने ।

४. लैसअसास शाखाको निर्देशनअनुसार लैसअसास सम्बन्धी वडास्तरीय कार्यक्रमहरु सञ्चालन गर्ने र गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

५. नगरपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने ।

५. नगरपालिकाको वडास्तरमा लैसअसास सम्बन्धी क्षमता विकासको योजना तयार गरी लैसअसास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

५. नगरपालिकाको वडास्तरमा लैसअसास सम्बन्धी क्षमता विकासको योजना तयार गरी लैसअसास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

## ४.९ वैठक, कार्यविधि र सेवा सुविधा

क) नगरपालिकास्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा बस्ने छ तर आवश्यकता परेमा जहिले पनि बस्न सक्नेछ ।

ख) वडास्तरीय समितिको बैठक प्रत्येक २ महिनामा बस्नेछ ।



CamScanner

ग) समिति तथा उपसमितिका बैठकहरुको कार्यविधि नगरपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ ।

घ) सेवा सुविधा नगरपालिकाको नियमबमोजिम हुनेछ ।

## ४.१० समन्वय, सहकार्य तथा सम्प्रेषण

लैसअसास नीति तथा पाँच वर्षे विस्तृत कार्ययोजना कार्यन्वयनका लागि आवश्यकता अनुसार स्थानीय, प्रदेश तथा संघिय सरकारका विभिन्न सरकारी निकाय, गैससरकारी तथा सामाजिक संघसंस्थाहरु र निजीक्षेत्रहरुसँग समन्वय तथा सहकार्य गरिने छ। समन्वय तथा सहकार्यका लागि देहाय अनुसार निर्देशिका तथा मापदण्डहरु तयार गरि लागु गरिने छ

१) लैसअसास नीति तथा कार्ययोजना कार्यन्वयनका लागि पालिकाभित्र रहेका विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु र बैंक, वित्तीय संस्था, सहकारी, उद्योग, वाणिज्य संघ, घरेलु उद्योग, निजी व्यवसाय तथा गैरसरकारी संघसंस्थाबिच समन्वय, सहकार्य तथा सम्प्रेशन गर्न पब्लिक प्राइभेट पार्टरसिपसम्बन्धी स्थानीय सहकार्य तथा समन्वय निर्देशिका निर्माण गरि लागु गर्ने,

२) हिंसा पीडित महिला, बालबालिका तथा दलित समुदायको न्यायमा पहुँच, सीप विकास, रोजगारी, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सहयोग तथा परामर्श तथा पुनर्स्थापनाको लागि OCMC, सेवा गृह, पुनर्स्थापना केन्द्र, प्रहरी तथा जिल्ला सरकारी वकिल कार्यालयका साथै अन्य सरोकारवाला निकायहरुसँग सहकार्य, समन्वय तथा सम्प्रेषण गर्न नीतिगत व्यवस्था गरि लागु गर्ने,

३) विभिन्न स्थानीय सामाजिक संघसंस्था तथा दातृसंस्थाहरु महानगरपालिकासँग समन्वय तथा सहकार्यमा काम गर्दा लैङ्गिक मुलप्रवाहिकरण तथा एकिकृतको लागि न्यूनतम मापदण्ड तयार गरि लागु गर्ने,

४) प्रजनन स्वास्थ्य अधिकार तथा सेवालाई चुस्तदुरुस्त उपलब्ध गराउन आवश्यक सहयोग तथा सरोकारवाला संस्था (SBA, OCMC, SAS, FPAN, CMC आदि) सँग समन्वय, सहकार्य तथा सम्प्रेषण गर्ने,

## परिच्छेद–५

# लैससास नीति तथा रणनीतिको कार्यान्वयन

**५.१ नीतिको कार्यान्वयन :** नगराईन नगरपालिकाबाट पास भएको मितिबाट यो नीति कार्यान्वयन हुनेछ । यो नीति नगरपालिकाबाट तर्जुमा गर्ने कानून नीति नियम तथा अन्य योजना र बजेटका साथै कार्यक्रमहरुमा लैसअसास मूलप्रवाहीकरणका लागि मार्गनिर्देशनको रुपमा लागु गर्नुपर्नेछ । नीति प्रभावकारी रुपमा कार्यान्वयनका लागि तत्काल विस्तृत कार्ययोजना तयार गरी लागु गर्नेछ ।

**५.२ आर्थिक स्रोत :**

यस लैसअसास नीति कार्यान्वयनका लागि लैसअसास नीति तथा नीति कार्यान्वयनका लागि तर्जुमा गरेका कार्ययोजना प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत साधनसहित वार्षिक रुपमा छुट्टै वजेटको व्यवस्था गर्नेछ । नगरपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा लैसअसास नीतिलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्नेछ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैसअसास विज्ञको आपूर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट विनियोजन गर्नेछ । लैसअसास नीति कार्यान्वयन गर्न आन्तरिक तथा वाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

**५.२ मानवीय स्रोत:**

यस लैसअसास नीति तथा रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार नगरपालिकास्तरीय लैसअसास कार्यान्वयन शाखा हुनेछ । यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ। नगरपालिकाले नीति कार्यान्वयनको लागि आवश्यकताअनुसार जनशक्तिको विकास गरी जिम्मेवार बनाउने छ । लैसअसास नीतिको दैनिक कार्यान्वयनको लागि पालिकास्तरीय लैसअसास शाखा र वडास्तरीय उपशाखाको स्थापना गरी सो अनुसार कर्मचारीको व्यवस्था गर्नेछ ।

**५.३ नीतिको पुनरावलोकन तथा सुधार :**

यस नीति आवश्यकतानुसार परिमार्जन गर्न प्रत्येक वर्षमा नीतिको पुनरावलोकन गर्नेछ । यसरी पुनरावलोकन पालिकास्तरीय लैसअसास शाखा आफै वा विशेषज्ञ नियुक्ति गरी गर्न सक्नेछ । शाखाले आवश्यक ठानेमा जुनसुकै वेला पनि पुनरालोकन गर्न सक्नेछ । पुनरावलोकन तथा सुधार गर्दा यस नीतिको सिद्धान्त विपरित गर्न पाइने छैन ।

**५.४ खारेजी तथा बचाउ :**

यस नीतिमा उल्लिखित व्यवस्थाहरु प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म खारेज हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner